नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुरको

विज्ञसूची (Roster) तयारीका लागि निवेदन दर्ता गर्नेसम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०७९/०४/८)**

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक लेखन, मूल्याङ्कनलगायतका कार्यलाई प्रभावकारी एवम् सुव्यवस्थित बनाउने उद्देश्यले तपसिलबमोजिमका विषयहरूमा विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिले निम्नानुसारको विवरणसहित सूचना प्रकाशन भएको २१ (एक्काइस) दिन भित्र यस केन्द्रमा आइपुग्ने गरी रु. १० को टिकट टाँसी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**१. विषयहरू**

(क) प्रारम्भिक बालशिक्षादेखि आधारभूत तह र माध्यमिक तह (कक्षा ९-१२) सम्मका अनिवार्य तथा ऐच्छिक विषयहरू

(ख) माध्यमिक तह प्राविधिक तथा व्यावसायिक धारतर्फका व्यावसायिक विषयहरू

(ग) गुरुकुल, संस्कृत, वेद विद्याश्रम, मातृभाषा, मदरसा र गोन्पातर्फका विषयहरू

**२. सर्तहरू**

(क) विज्ञहरूको सूची दर्तासम्बन्धी निवेदन पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्ने छ । निवेदनमा उल्लिखित कुराको पुस्ट्याइँ हुने कागजातहरू संलग्न हुनुपर्ने छ ।

(ख) बुँदा न. १ को (क), (ख) र (ग) का विषयहरूका सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का हकमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो विषयको प्राध्यापक वा पाठ्यक्रम विज्ञ वा विषय विज्ञ वा सम्बन्धित विषयको लेखक वा शिक्षक वा मूल्याङ्कनकर्ता हुनुपर्ने छ ।

(ग) मातृभाषा, मदर्सा र गोन्पातर्फ सम्बन्धित विषयको योग्यता नभएमा कुनै विषयमा आधारभूत तहका लागि न्यूनतम स्नातक र माध्यमिक तहका लागि न्युनतम स्नातकोत्तर गरी सो विषयको शिक्षण वा सम्बन्धित विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकाससम्बन्धी कार्य गरेको वा पाठ्यपुस्तक मूल्याङ्कन गरेको वा विषय विज्ञ वा विषयविद हुनुपर्ने छ ।

(घ) विज्ञको सूचीकरण तथा परिचालनसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ । पाठ्यक्रम विकास, पाठ्यपुस्तक विकास र पाठ्यसामग्री मूल्याङ्कन गर्नका लागि पा.वि.के.ले आवश्यकतानुसार विज्ञसूची अद्यावधिक गर्ने छ ।

(ङ) योग्यता र अन्य कागजात (स्थायी लेखा न. प्रमाण पत्र प्रतिलिपि र नेपाली नागरिकताका प्रमाणित प्रतिलिपिमा सम्बन्धित व्यक्तिले प्रमाणित गरेको हुनुपर्ने छ । इमेलबाट आवेदन पठाउने आवेदकहरूले योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र अन्य कागजात स्क्यान गरी पठाउनुपर्ने छ ।

(च) विज्ञ सूचीसम्बन्धी विषयहरूको विस्तृत विवरण केन्द्रको वेबसाइट www.moecdc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(छ) इमेल मार्फत विज्ञसूचीमा दर्ता गर्न चाहने विज्ञले निवेदनसहितका सम्पूर्ण कागजातको scan copy इमेल ठेगाना: info@moecdc.gov.np मा पठाउन सकिने छ ।

**नोट : गतवर्ष विज्ञसूचीमा सूचीकृत भएका विज्ञहरुले पुन: नवीकरण गर्न चाहेमा तोकिएको ढाँचामा हरेक वर्ष निवेदन दर्ता गराउनुपर्ने छ ।**

थप जानकारीका लागि सम्पर्क फोन : ०१६६३४९१६, ०१६६३०५८८

| रु. १० को टिकट |
|---|

श्रीमान् महानिर्देशकज्यू,
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

## विषय : विषय विज्ञमा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा पाठ्यक्रम विकास केन्द्रमा देहायबमोजिमका विषयमा विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरणसहित (आवश्यक कागजातसहित) यो निवेदन पेस गरेको छु ।

मिति : ....................
हस्ताक्षर ...............
निवेदकको नाम :..............

## तपसिल

नामथर :

स्थायी ठेगाना : जिल्ला.........................न.पा./गा.पा.........................................................वडा नं. ........

टोल : ........................ सम्पर्क नं.: ................................इमेल :...................................

कार्यरत भए संस्थाको नाम : ..........................................................ठेगाना : ....................................

**(क) विषय विज्ञका रुपमा सूचीकृत हुन चाहेका बढीमा २ (दुई) विषय प्राथमिकता क्रममा राख्नुहुन ।**

| क्र.सं. | विज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय | विज्ञका रूपमा रहन चाहेको तह/क्षेत्र | विषयसँग सम्बन्धित सम्पादन गरेको कार्य अनुभव वर्ष |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

**(ख) शैक्षिक योग्यता (विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सोसमेत)**

| उपाधि | अध्ययन गरेको विषयहरू | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ग) तालिम**

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

**(घ) विषयसँग सम्बन्धित कुनै पुस्तक, सन्दर्भ सामग्री, लेख रचना लेखन, अनुसन्धान आदि कार्य गरेको भए**

| क्र.सं. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

उल्लिखित विवरण झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर : ............... ...........